मिति २०७७/११/२० वैठक संख्याः ६३

आज मिति २०७७/११/२० गतेका दिन १:०० बजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको वैठक बस्यो ।

**उपस्थितीः**

| | नामथर | पद |
|---|---|---|
| १) | श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) | श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) | श्री श्री नरहरि सापकोटा | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) | श्री भिम बहादुर गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) | श्री पोल बहादुर आले | २ नं. वडाध्यक्ष |
| ६) | श्री कृतिमान आले | ३ नं. वडाध्यक्ष |
| ७) | श्री पदम बहादुर गुरुङ | ४ नं. वडाध्यक्ष |
| ८) | श्री याल बहादुर गुरुङ | ५ नं. वडाध्यक्ष |
| ९) | श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०) | श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११) | श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२) | श्री भोगी माया राना | गा.का.पा. सदस्य |
| १३) | श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४) | श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

**कर्मचारी उपस्थितीः**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

श्री दुर्गा बहादुर राना

## देवघाट गाउँपालिका

**वैठक संख्या ६३** **मितिः २०७७/११/२०**

**प्रस्तावहरुः**

१. समिक्षा तथा जानकारी ................
२. चक्रवर्ती सामाजिक उद्यमी महिला सहकारी संस्था लि. का लागि दुध डेरीको दुध व्यवस्थापन तथा विविधिकरणका लागि ढुवानी गाडी खरिद गर्न लागत साझेदारी सम्बन्धमा ।
३. मिति २०७७/११/२३-२७ गते सम्म वडामा रहेका प्रत्येक स्वास्थ्य चौकीबाट कोरोना खोप प्रदान गर्ने सम्बन्धमा ।
४. २ नं. वडा कार्यालयको भवन निर्माण म्याद थप सम्बन्धमा ।
५. गाउँपालिकाको सभाहल (सिटी हल) सरसफाई शुल्क सम्बन्धमा ।
६. वैकल्पिक उर्जा प्रवर्द्धन अन्तर्गतका सशर्त अनुदान तर्फका कार्यक्रम कार्यान्वयन र स्थान छनौट सम्बन्धमा ।
७. ढुङ्गा, गिट्टी, वालुवा लगायतका नदीजन्य पदार्थको संकलन र व्यवस्थापन अन्तर्गत ठेक्का लगायतको सम्झौता तथा कार्यदिशको म्याद थप गर्ने सम्बन्धमा ।
८. ढुङ्गा, गिट्टी, वालुवा लगायतका नदीजन्य पदार्थको संकलन र व्यवस्थापन ठेक्का आह्वानको लागि पुनः सूचना प्रकाशन गर्ने सम्बन्धमा ।
९. देवघाट गाउँपालिका क्षेत्रका नदी किनारा तथा घाटहरुबाट प्राकृतिक नदीजन्य पदार्थ व्यवस्थापनका सम्बन्धमा मेशिनरी उपकरण प्रयोग, अनुगमन तथा नियमन सम्बन्धी कार्यविधि, २०७७ कार्यविधि स्वीकृत सम्बन्धमा ।
१०. अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ बमोजिम गा.पा. स्तरीय मल वितरण व्यवस्थापन समिति गठन सम्बन्धमा ।
११. दासढुङ्गा-बबई-गाईघाट मोटर मार्ग नयाँ ट्र्याक सम्बन्धमा ।

**निर्णयहरुः**

१. गाउँ कार्यपालिकाको कार्यालयबाट सम्पादन भएका कार्यहरुको समीक्षा गरियो ।
२. उपयुक्त प्रविधि हस्तान्तरण, कृषि सहकारी प्रोत्साहन योजना अन्तर्गत देवघाट गाउँपालिका वडा नं. ५ स्थित चक्रवर्ती सामाजिक उद्यमी महिला सहकारी संस्था लि. को लागि दुग्ध ढुवानी तथा विविधिकरणका लागि लागत साझेदारीमा रु. २,००,०००.०० उपलब्ध गराउने निर्णय गरियो ।
३. देवघाट गाउँपालिका अन्तर्गतका ६५ वर्ष उमेर पुरा भएका नागरिकहरु दोस्रो चरणको कोभिड-१९ विरुद्धको खोप मिति २०७७/११/२३ देखि २७ गते सम्म गाउँपालिका अन्तर्गतका सम्पुर्ण स्वास्थ्य चौकीहरुबाट लगाउनका लागि प्रचार प्रसार गरी सम्पुर्णलाई जानकारी गराउने निर्णय गरियो ।

गाउँ कार्यपालिकाको कार्यालय देवघाट, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

नरहरि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

दुर्गा बहादुर थापा
अध्यक्ष

४. यस देवघाट गाउँपालिका अन्तर्गत वडा नं. २ स्थित वडा कार्यालयको भवन निर्माणका लागि यस कार्यालय र एस. आर. निर्माण सेवा एण्ड सप्लायर्स बीच मिति २०७६।०५।१३ मा सोही वर्षको असार मसान्त सम्ममा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा सो वर्षको चैत्र देखि विश्वव्यापी रुपमा कोभिड-१९ महामारीको बन्दाबन्दीको कारण समयमा कार्य सम्पन्न हुन नसकेको अवस्थामा नेपाल सरकारको घोषणाद्वारा कार्य सम्पन्न हुन बाँकी रहेका योजनाहरुको २०७७ साल पौष मसान्त सम्म स्वतः म्याद थप भए सरह मानी म्याद थप भएको र २०७७ साल असार देखि असौज कार्तिक सम्म अत्यधिक पानी परेको साथै उक्त स्थान भौगोलिक रुपले कठिन रहेको कारण बाटो खुलाउने कार्य ढिलाई भएकोले निर्माण सामाग्री लगाएत अन्य सामाग्रीहरु ढुवानी गर्न कठिनाई भएको भनी निर्माण व्यवसायी शेर बहादुर मल्लले मिति २०७७।०९।२ मा निवेदन दिई म्याद थप माग गरेको हुँदा निवेदकले दिएको निवेदन माग व्यहोरा उचित देखिएकोले उक्त भवन निर्माण कार्य सम्पन्न गर्नको लागि २०७७ चैत्र मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

५. गाउँपालिकाको सभाहलको रुपमा प्रयोग हुने गरी निर्माण गरिएको सिटी हलको सरसफाई तथा आन्तरिक व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउनको लागि उक्त हलमा कार्यक्रममा सञ्चालन गर्न माग आएमा स्थानीय सामुदायिक संघ संस्थाको हकमा दैनिक रु. ५००/- र सो देखि बाहेकका कार्यालय/निकाय र संघ संस्थाको हकमा दैनिक रु. १,०००/- का दरले अग्रिम रुपमा हल भाडा शुल्क आम्दानी दाखिला गरी प्रयोग र सञ्चालन गर्न अनुमती दिने निर्णय गरियो ।

६. संघीय सरकारबाट प्राप्त सशर्त अनुदान सुधारिएको चुल्हो (वायोमास) प्रविधि जडान रु. २,००,०००/- योजनालाई वायो ग्याँस जडान रु. २,००,०००/- मा थप गरी कुल रु. ४,००,०००/- रकमबाट वायोग्याँस प्रविधि जडान कार्यक्रम सञ्चालन गर्नका लागि माग तथा प्राथमिकताको आधारमा वडा नं. ३ को नाल्बुङ्ग र वडा नं. ५ देवघाट क्षेत्रमा कूल २० वटा वायोग्याँस प्लान्ट निर्माणका लागि प्रति प्लान्ट गाउँपालिका अनुदान रु. २०,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

७. देवघाट गाउँपालिकाको ठे.नं. ७/२०७६/०७७ देवघाट गा.पा. वडा नं. ५ स्थित कालीगण्डकी नदी, कालीभतेरी घाट र त्रिशुली नदी, भुवनटार घाटबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा आदी) उत्खनन गरी बिक्री वितरण गर्ने कार्यको लागि सन्ध्या सन्देश निर्माण सेवा, व्यास ८ तनहुँलाई मिति २०७७/०९/०६ मा २ (दुई) महिनाको सम्म दिएको कार्यादेश अवधि २०७७/११/०६ मा समाप्त भएको साथै त्यस फर्मको तर्फबाट तोकिए बमोजिमको परिमाण उत्खनन गर्न नसकेको कारण देखाई मिति २०७७/११/०४ मा म्याद थप गरी पाउँ भनि कार्यालयमा दिएको निवेदन बमोजिम छलफल हुँदा म्याद समाप्त भएको मिति देखि मिति २०७८/०१/२५ गते सम्म कायम हुने गरी म्याद थप गर्ने निर्णय गरियो ।

८. ठेक्का प्रक्रियामा गएको तर ठेक्काका लागि कुनै पनि निवेदन नपरेका नदी तथा घाटहरुको ढुङ्गा, गिट्टी, वालुवा लगायतका नदीजन्य पदार्थको संकलन र व्यवस्थापन ठेक्का आह्वानको लागि पुनः सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

९. देवघाट गाउँपालिका क्षेत्रका नदी किनारा तथा घाटहरुबाट प्राकृतिक नदीजन्य पदार्थ व्यवस्थापनका सम्बन्धमा मेशिनरी उपकरण प्रयोग, अनुगमन तथा नियमन सम्बन्धी कार्यविधि, २०७७ कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

नरहरि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

दुर्गा बहादुर थापा
अध्यक्ष

१०. अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ बमोजिम गा.पा. स्तरीय मल वितरण व्यवस्थापन समिति गठन सम्बन्धमा कार्यविधिले निर्दिष्ट गरे बमोजिम देहाय बमोजिम देवघाट गा.पा. स्तरीय मल वितरण व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

क) देवघाट गा.पा. उपाध्यक्ष श्री विमला थापा - संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत श्री नरहरि सापकोटा - सदस्य

ग) कृषि तथा पशु इकाई प्रमुख श्री पूर्ण चन्द्र अधिकारी - सदस्य सचिव

११. दासढुङ्गा-बबई-गाईघाट मोटर मार्ग नयाँ ट्र्याकका लागि गाउँसभा बाट बजेट विनियोजन भएकोले तत्काल उक्त मो.मार्गको निर्माण कार्य सुचारु गर्ने निर्णय गरियो ।

देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय देवघाट, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

नरहरि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

दुर्गा बहादुर थापा
अध्यक्ष